# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. :

**विषय : सरसफाई शुल्क संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धी सिलबन्दि बोलपत्र आव्हानको १५ दिने सूचना**

**दोश्रो पटक प्रकाशित मिति: २०८१।०१।११**

**ठेक्का न.R3/DSMC**

यस उपमहानगरपालिका क्षेत्र भित्र देश बाहिरबाट भित्रिने ब्यापारिक प्रयोजनका तरकारी,फलफुल, माछा, खसी, बोका, रांगा, भैसी, बंगुर, सुंगुर र कोईला र गट्ठ धनगढी उपमहानरपालिका भित्र खपत हुने वस्तुमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ बमोजिम स्थानीय बजारमा फोहर हुने र सरसफाई गर्ने प्रयोजनका लागि सेवा शुल्क संकलन गर्न सक्ने प्रावधान अनुसार आगामी आ.व. २०८१।२०८२ का लागि यस उप महानगरपालिका बाट तोकिएको दररेट बमोजिम कर संकलन गर्न चाहने ईच्छुक फर्म वा कम्पनीको जानकारीको लागि यो १५ दिने सिलबन्दि बोलपत्र आहवानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलका शर्तहरु

१. वढावढका लागि न्यूनतम ठेक्का अंक रु.७०,७९,५५८। (अक्षरूपी सत्तरी लाख उनासी हजार पांच सय अन्ठाउन्न मात्र मुल्य अभिवृद्धि कर र अन्य कर वाहेक) कायम गरिएको छ ।
२. ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता भएको मितिले २०८२ साल असार मसान्त सम्म कायम रहने छ ।
३. तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न गराउन पाईने छैन, तोकिएको सिमाभन्दा बाहिर गई कर असुली गरेको जानकारी प्राप्त हुन आएमा वा प्रमाण फेला परेमा यस कार्यालयले जुनसुकै वेला ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।
४. वोलपत्र फाराम सूचना प्रकाशित मितिबाट १५ दिन भित्र कार्यालय समयमा रू. ३०००। (तीन हजार मात्र फिर्ता नहुने गरी) बुझाई यस उपमहानगरपालिकाको राजस्व शाखाबाट खरिद गर्न सकिने छ ।
५. वोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिउंसो २।00 बजे बोलपत्र

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. :

खोलिने हुंदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको प्रतिनिधि उपस्थित हुनु पर्नेछ । बोलपदाता वा निजले तोकेको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ ।

७. बोलपत्र दर्ता गर्दा बोलपत्र वालाले आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता ( हि.न. ४१७०१००३०३००००२ ) मा जम्मा गरेको भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको "क" वर्ग को बाणिज्य बैंकहरूको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्ने छ ।

८. वोलपत्रदाताले कबोल गरेको ठेक्का अंक बराबरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अबधिसम्मको लागि जारी गरिएको परफरमेन्स बण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।

९. ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बांकी किस्ताको रकम दुई किस्तामा (दोश्रो किस्ता फाल्गुन मसान्त र तेश्रो किस्ता जेष्ठ मसान्त भित्र) बुझाउन पर्नेछ ।

१०. वोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ साथै म्याद नाघी आएको वोलपत्र माथि कुनै कारवाही हुने छैन ।

११. कुनै पनि अवस्थामा कर छुटको लागि हक दावी गर्न पाईने छैन । संकलन गर्ने करको दर रेट यस कार्यालयको आर्थिक ऐन अनुसार हुनेछ । वोलपत्रदाताले खामको बाहिरपट्टि ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ ।

१२. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्वन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. :

१३. यस सूचनामा उल्लेखित नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ ।

१४. यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनमा बेरूजु उल्लेख भएका फर्म वा कम्पनीहरूले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीले आफ्नो बेरूजु बिबरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षकको प्रतिबेदनबाट हेर्न समेत सुचित गरिन्छ ।

१५. यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट dhangadhimun.gov.np बाट समेत हेर्न सकिनेछ ।

२३९

प्रमुख प्रशासकीय अधिकृत